# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## वैदेशिक रोजगार ऐन, २०४२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वैदेशिक रोजगार ऐन, २०४२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वैदेशिक रोजगार (पहिलो संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. वैदेशिक रोजगार ऐन, २०४२ को दफा २ मा संशोधन : वैदेशिक रोजगार ऐन, २०४२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) मा रहेको "कामदारले" भन्ने शब्दपछि "विदेशमा" भन्ने शब्द थपिएकोछ।

(२) खण्ड (ग) मा रहेका "रोजगार दिने" भन्ने शब्दहरू पछि "वा दिलाउने" भन्ने शब्दहरू र सोही खण्डको अन्तिम हरफमा रहेका "छनौट गर्ने" भन्ने शब्दहरू पछि "कार्य" भन्ने शब्द थपिएकोछ।

(३) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएकाछन्:-

"(ङ१) "संस्था" भन्नाले औद्योगिक, व्यापारीक वा सेवा सञ्चालन गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापित संस्था सम्झनु पर्छ।

(ङ२) "विभाग" भन्नाले श्री ५ को सरकारको श्रम विभाग सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

56

३. मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएकोछ :-

"५क. संस्थाको स्वामित्व र दायित्व : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वैदेशिक रोजगार सञ्चालन गर्ने संस्थाले श्री ५ को सरकारको स्वीकृति बिना सो संस्थाको स्वामित्व वा दायित्व हस्तान्तरण गर्न वा परिवर्तन गर्न सक्ने छैन।"

४. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएकाछन् :-

"(३) उपदफा (१) बमोजिम कामदारको छनौट भएको सात दिनभित्र छनौट गरिएका कामदारको नामावली सहितको विवरण तोकिएको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम छनौट गरिएका कामदारलाई छनौट गरिएको मितिले चार महीनाभित्र वैदेशिक रोजगारका लागि पठाउनु पर्नेछ। सो म्यादभित्र पठाउन नसकेको मुनासिब कारण भएमा एक पटकमा पन्ध्र दिनमा नबढाई बढीमा दुई पटकसम्म श्री ५ को सरकारले म्याद थप गरिदिन सक्नेछ।

(५) छनौट भएको कामदारलाई उपदफा (४) को म्यादभित्र वैदेशिक रोजगारमा पठाउन नसकेमा सम्बन्धित संस्थाले निजबाट बुझिलिएको रकम र सो रकममा अठार प्रतिशतले हुने ब्याजको रकम समेत जोडी सम्बन्धित कामदारलाई पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
58

५. <u>मूल ऐनको दफा १८ मा संशोधन</u> : मूल ऐनको दफा १८ को :-

(१) उपदफा (३) को अन्त्यमा "यसरी धरौटीबाट खर्च व्यहोरिएको रकम सोधभर्ना गर्न सम्बन्धित इजाजतपत्रवालालाई यथाशक्य चाँडो सूचना दिनु पर्नेछ र इजाजतपत्रवालाले त्यस्तो सूचना प्राप्त गरेको पन्ध्र दिनभित्र सो रकम धरौटीमा जम्मा गर्नु पर्नेछ।" भन्ने वाक्यांश थपिएकोछ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएकोछ :-

"(४) दफा ८ बमोजिम राखिएको धरौटी रकमबाट कामदारलाई स्वदेश फिर्ता गर्न लाग्ने खर्च नपुग भएमा त्यस्तो नपुग हुन आएको रकम श्री ५ को सरकारले तोकेको म्यादभित्र इजाजतपत्रवालाले बुझाउनु पर्नेछ र त्यस्तो म्यादभित्र नबुझाएमा प्रचलित कानून बमोजिम निजको जायजेथाबाट सो रकम असूल उपर गरिनेछ।"

६. <u>मूल ऐनको दफा २३ मा संशोधन</u> : मूल ऐनको दफा २३ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर त्यसरी जाने व्यक्तिले आफूले जाने मुलुक, कामको प्रकृति तथा रोजगारका शर्त, सुविधा समेतका विवरण सुलाई विभागलाई जानकारी दिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. <u>मूल ऐनको दफा २४ मा संशोधन</u> : मूल ऐनको दफा २४ को:-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछः-

"(१) यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको नियम, आदेश वा निर्देशन पालन नगर्ने इजाजतपत्रवालालाई श्री ५ को सरकारले पाँचहजार रूपैयाँदेखि पचासहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) यो ऐन बमोजिम इजाजतपत्र नलिई कसैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई झूठो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारको लागि पठाउने भनी विदेश पठाएमा वा त्यस्तो बहानाले कुनै रकम लिएमा त्यसरी लिएको रकम र सो रकममा अठार प्रतिशतले हुने व्याजको रकम समेत असूल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्च समेत निजबाट भराई दिई निजलाई पचासहजार रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिवाना वा एक वर्षदेखि पाँच बर्षसम्म कैद वा दुवै सजाय हुनेछ। विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुनेछ।"

(३) उपदफा (३) मा रहेका "पाँचहजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कैद" भन्ने शब्दहरूको सट्टा "पच्चीसहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा छ महीनादेखि तीन बर्षसम्म कैद" भन्ने शब्दहरू राखिएकाछन्।

(४) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएकोछ :-

"(५) यस ऐन बमोजिमको कसूरमा मतियार हुने वा त्यस्तो कसूर गर्न प्रोत्साहन दिने व्यक्तिलाई सोही कसूर गरे वापत हुने सजायको आधा सजाय हुनेछ र त्यस्तो कसूरदारलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र दिइने छैन।"

लालमोहर सदर मितिः– २०५०।२।२०१४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 909